का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ असोज २०८०,
शुक्रबार
29 September 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २४६ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# फुर्सदिला प्रधानमन्त्री तीर्थाटनमा मस्त

**शिक्षकहरु, चिकित्सकहरु आन्दोलनमा छन्। सुन तस्करी जाँचबुझ आयोग गठनका लागि दलहरु प्रधानमन्त्रीलाई कुरिरहेका छन्। तर प्रचण्ड देशमा सब ठिकठाक चलिरहेको बेला जस्तो गरी विदेशमा तीर्थाटन गरिरहेका छन्।**





**प्रधानमन्त्रीले चीनसँग परम्परागत हिमाली पर्खाललाई छेडेर अर्थतन्त्रलाई जोड्ने आधुनिक यातायात र पारवहन पूर्वाधारमा प्राथमिकता दिनुपर्थ्यो, तीर्थाटन त हुँदै गर्थ्यो।**

■ **डा. बाबुराम भट्टराई**
**पूर्वप्रधानमन्त्री**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चीन भ्रमणमा छन् । हाङचाउमा चिनियाँ राष्ट्रपति सी चिनपिङ र बेइजिङमा चिनियाँ समकक्षी ली छ्याङसँग भेटवार्ता सकेपछि प्रचण्ड फुर्सदिला भएका छन् । नेपालमा शिक्षकहरु, चिकित्सकहरु आन्दोलनमा छन् । सुन तस्करीको अनुसन्धानका लागि गठन गर्ने भनिएको उच्च स्तरीय जाँचबुझ आयोग गठनका लागि राजनीतिक दलहरु प्रधानमन्त्री प्रचण्डलाई कुरिरहेका छन् । तर, प्रचण्ड देशमा सब ठीकठाक चलिरहेको बेला जस्तो गरी बिभन्न क्षेत्र, नगर, विश्वविद्यालयको अवलोकन र तीर्थाटनमा छन् ।

सन २०१९ को अक्टोबरमा नेपाल भ्रमणमा आएका बेला राष्ट्रपति सी झण्डै २४ घण्टा मात्र नेपाल बसेका थिए। तर चीन भ्रमणमा रहेका नेपालका कार्यकारी प्रमुखले सी को शैली र प्राथमिकता ख्याल गरिरहेका >>> पृष्ठ २ मा

*मानसरोवर अगाडि तस्बिर खिचाउँदै प्रधानमन्त्री। तस्बिर : प्रदीपराज वन्त/रासस।*

## एकीकृत समाजवादीको जागरण अभियान
# स्थापनाको दुई वर्षपछि जनतामा

पार्टी स्थापनाको पहिलो वर्षमै स्थानीय, प्रदेश र संघीय चुनाव लडेको एकीकृत समाजवादी जागरण अभियानको नाममा बल्ल जनतामा जाँदैछ।



**रोजगारी, समृद्धि र सुशासनको नाराका साथै राजनीतिमा देखिएको अस्थिरता लगायतका मुद्दामा जनताको बुझाइ र चासो ख्याल गरिनेछ। देशको आर्थिक संकटलाई निर्मुल पार्ने पार्टीको लक्ष्य जनतालाई बुझाइनेछ।**

**घनश्याम भुसाल**
**महासचिव, एकीकृत समाजवादी**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ असोज

नेकपा एकीकृत समाजवादीले आगामी असोज १४ गतेदेखि २९ गतेसम्म मेची-महाकाली समाजवादी जागरण अभियान सञ्चालन गर्ने भएको छ । अभियानका लागि पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा दुई हजार एक सदस्यीय समाजवाद जागरण यात्रा मूल व्यवस्थापन समिति गठन गरिएको बिहीबार पार्टीले आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।




अभियान असोज १४ गते काँकडभिट्टाबाट बिहान ११ बजे शुरु हुनेछ । त्यसै दिन बिर्तामोड, दमक, उर्लाबारी वा पथरीमध्ये एक ठाउँ र विराटचोक मोरङमा सभा हुनेछ । असोज १५ गते इटहरी, इनरुवा, भारदह, राजविराजमा सभा हुनेछ। १६ असोजमा राजविराज, चिन्नमस्त, अर्नाह, भगवानपुर, सिरहा सदरमुकाम, बन्दीपुर र जदुकुहामा सभा आयोजना हुनेछ । असोज १७ गते जनकपुरमा पत्रकार सम्मेलन गरी जलेश्वर, ढल्केबर, बर्दीबास र लालबन्दीमा सभा हुने >>> पृष्ठ २ मा

## विदेशी चिनीको नेपाली ब्राण्ड
# मोटाउँदै साहु ठगिँदै उपभोक्ता

बन्द रहेका मिलको नामबाट बजारमा चिनी बिक्री वितरण भइरहेको, तर जिम्मेवार निकायले अनुगमन र नियमन नगरेको भन्दै संसदीय समिति र दलको बैठकमा नेताहरुले प्रश्न उठाएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असोज

नेपाली बजारमा विदेशी चिनी आयात भइरहेको र ती विदेशी चिनीलाई नेपाली ब्रान्ड दिएर बजारमा लगिरहेको भनी संसदीय समितिमा प्रश्न उठेको छ ।

विहीबार प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले यस सम्बन्धमा सरकारको जवाफ मागेका थिए । यसअघि बन्द रहेका मिलको नामबाट बजारमा चिनी बिक्री वितरण भइरहेको तर जिम्मेवार निकायले अनुगमन र नियमन नगरेको भन्दै सांसदहरुले प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पनि प्रश्न उठाएका थिए ।

आम रुपमा समेत यो प्रश्न उठेपछि सार्वजनिक लेखा समितिले यसलाई एजेण्डाकै रुपमा अगाडि बढाउने तयारी गरेको छ ।

सरकारले नेपाली चिनीका लागि विभिन्न प्रकारका छुट दिएको छ। उखु किसानलाई अनुदान दिंदै आएको छ । तर, सरकारले दिएको छुट र किसानलाई दिएको भनिएको अनुदानको दुरुपयोग भइरहेको भनी सार्वजनिक रूपमा उठेका विषय, समितिमै सांसदहरूले उठाएका प्रश्न र समिति सचिवालयमा दर्ता भएको उजुरीलाई आधार मानेर समितिले यस विषयलाई एजेण्डा बनाएको हो ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनका अनुसार नेपालमा आठ वटा चिनी उद्योग रहेका छन् । तर ती उद्योगमा चिनी उत्पादन भइरहेका छैनन् । 'उद्योगहरु नेपाली उत्पादन भनेर बजारमा चिनी पठाइरहेका छन् । तर उद्योगमा गएर हेर्दा एक गेडा पनि उत्पादन भएको पाइँदैन । कहाँबाट आउँछ त्यो चिनी ? महर्जनको प्रश्न छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनी खूला सीमाका कारण त्यस्तो भएको हुन सक्ने बताउँछन् । 'उत्पादन छैन कहाँबाट आयो भन्ने प्रश्न छ । खुला सीमा आदि इत्यादि छन्' सचिव मरासिनी भन्छन् ।

बन्द उद्योगले विदेशी चिनी नेपाल ल्याएर आफ्नो भनी बिक्री वितरण भइरहेको भए पनि त्यसको अनुगमन गर्ने निकाय पनि आफ्नो मन्त्रालय नरहेको भनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मरासिनी पन्छिए । बन्द मिलका चिनी बजारमा रहेको प्रश्नको जवाफमा सचिव मरासिनी भन्छन्, 'यो राजश्व छलीको विषय हो । राजस्व अनुसन्धानले हेर्छ ।'



उद्योगहरु नेपाली उत्पादन भनेर बजारमा चिनी पठाइरहेका छन् । तर उद्योगमा गएर हेर्दा एक गेडा पनि उत्पादन भएको पाइँदैन । कहाँबाट आउँछ त्यो चिनी ?

■ **प्रेमलाल महर्जन**
**अध्यक्ष, राष्ट्रिय उपभोक्ता मञ्च**



यो (बन्द रहेका मिलको नामबाट बजारमा चिनी बिक्री वितरण भइरहेको) राजस्व छलीको विषय हो । राजस्व अनुसन्धानले हेर्छ ।

■ **मधुकुमार मरासिनी**
**सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

## वैदेशिक रोजगार विशेष
# जापान, हङकङ, मकाउ र ताइवानमा नेपालीको अवसर गुम्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असोज

समृद्धितर्फ उन्मुख पूर्वी एसियाका जापान, हङकङ, मकाउ र ताइवानजस्ता मुलुकमा नेपाली कामदारका लागि आकर्षक तलबसहितको रोजगारीका अवसर भएपनि सरकारी सक्रियताको अभावमा त्यस्तो अवसर खेर गइरहेको देखिएको छ ।

ताइवानले हालै मात्र ९ हजार विदेशी कामदारको एप्रुभल दिएको छ । ठूला-ठूला भौतिक संरचना निर्माण कार्य अघि बढाइरहेको ताइवानले निर्माण क्षेत्रमा स्वदेशी कामदार उपलब्ध नभएपछि विदेशी कामदार ल्याउन अनुमति दिएको हो ।

ताइवानको राष्ट्रिय भूमि व्यवस्थापन एजेन्सीका अनुसार गत अगस्ट १ तारिखसम्म परेका ५ सय ७० आवेदन स्वीकृत गरी पहिलो चरणमा ९ हजार ४८ विदेशी कामदार झिकाउन अनुमति दिएको हो । ताइवानको श्रम मन्त्रालयले निर्माण क्षेत्रका लागि यस वर्ष १५ हजार विदेशी कामदारको स्वीकृति दिइने बताएको छ ।

ताइवानमा निर्माण मजदुरको न्यूनतम तलब नै ८० हजार रूपैयाँ बराबर छ । हाल ताइवानमा निर्माण क्षेत्रमा थाई नागरिक र हाउसमेडका लागि फिलिपिन्सका कामदारको दबदबा रहेको छ । श्रम सम्झौता बिना खाडीका विभिन्न मुलुकमा वर्षेनी लाखौंको संख्यामा नेपाली जाने गरेका भएपनि आकर्षक तलब भएका ताइवानमा भने उल्लेख्य संख्यामा जान पाएका छैनन् ।

हङकङमा पनि नेपाली सुरक्षागार्ड र निर्माण मजदुरको माग रहेको छ । हङकङस्थित नेपाली महावाणिज्यदूत उदयबहादुर रानामगरका अनुसार राम्रो पारिश्रमिक पाउने हङकङमा केही नेपालीहरु निर्माण क्षेत्रमा छन् । ठूला-ठूला भवन तथा टनेल निर्माणका क्षेत्रमा केही नेपालीले दक्षता हासिल गरेका छन् । तर ती क्षेत्रमा संस्थागतरूपमा नेपाली जान सकेका छैनन् ।

हाल चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हङकङको रोजगारीमा सहजता ल्याउन पहल गर्ने त्यहाँ रहेका नेपालीको माग रहेपनि भ्रमणका क्रममा त्यस विषयमा कुरा उठेको देखिएको छैन । मानसरोवरका लागि बाटो माग गर्ने प्रधानमन्त्री दाहालले नेपाली कामदारका लागि कुरा उठाउन सकेको भए त्यसले लामो समयदेखि सुस्त रहेको पूर्वी एसियाका श्रम >>> पृष्ठ २ मा

### साउदीमा बेपत्ता बनाइएका म्यानपावर सञ्चालक तेली सकुशल

**काठमाडौं/मस-** साउदी अरेबियाको प्रहरीले वैदेशिक रोजगार व्यवसायी फ्रेन्डसिप इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक वीरेन्द्र साह तेलीलाई सम्पर्कमा ल्याएको छ । उनी सकुशल रहेको साउदी प्रहरीले बताएको छ ।

कामदारको समस्या समाधान गर्न छलफलका क्रममा बंगलादेशी नागरिकद्वारा बेपत्ता बनाइएका वैदेशिक रोजगार व्यवसायी तेलीको उद्धारका लागि साउदीस्थित नेपाली दूतावासको सक्रियतापछि स्थानीय प्रहरीले बुधबारदेखि खोजी शुरू गरेको थियो। दूतावासका काउन्सिलर श्रम देवेन्द्र कार्कीले बिहीबार बिहान साउदी प्रहरीले व्यवसायी तेली सकुशल रहेको र आफ्नो सुरक्षामा लिने प्रयास गरिरहेको बताएको मध्यान्हलाई जानकारी दिए ।

दूतावासले एकजना कर्मचारी घटनास्थल पठाएको छ। काउन्सिलर श्रम कार्कीले घटनाको अनुसन्धान भइरहेको भन्दै साउदी प्रहरीले विस्तृतरूपमा दूतावासलाई पनि >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१२ असोज २०८०, शुक्रबार
29 September 2023, Friday

# सञ्चारमाध्यमहरु समावेशी संरचनाअनुरुप हुनुपर्नेमा जोड

**काठमाडौं/मस–** नेपालका सञ्चारमाध्यमहरु समावेशी संरचनाअनुरुप प्रतिनिधित्व हुनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । उनीहरुले सञ्चारमाध्यमहरुमा नेपालको विविधता झल्किने गरी प्रतिनिधित्व र मुद्दाहरु समेट्नु पर्ने बताएका हुन् । जागरण मिडया सेन्टरले बिहीबार काठमाडौंमा आयोजना गरेको 'मिडियामा समावेशी संरचना र दलित सवाल सम्पादकहरुसँग अन्तरक्रिया' कार्यक्रम बोल्ने वक्ताहरुले अझै पनि नेपालका सञ्चारमाध्यमहरु समावेशी हुन नसकेको वास्तविकता राखेका थिए ।




कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै संविधान सभा सदस्य तथा जागरण मिडिया सेन्टरका सल्लाहकार विनोद पहाडीले नेपालको सञ्चारमाध्यमहरुले समावेशीताको मुद्दामा चाहेअनुरुप काम गर्न नसकेको धारणा राखे । उनले भने, 'नेपालका सञ्चारमाध्यमहरु अझै पनि न त कन्टेनमा न त प्रतिनिधित्वमा संवेदनशील छन् ।' उनले संविधानले नै समानुपातिक समावेशीता सुनिश्चित गरे पनि अझै पनि कार्यान्वयन हुन नसकेको भन्दै सञ्चारमाध्यमहरुले पनि कार्यान्वय गर्नुपर्ने बताए ।

जनता टेलिभिजनका समाचार सम्पादक टंक पन्तले समानुपातिक समावेशीता कार्यान्वय नहुनुमा सञ्चारमाध्यमहरु पनि धेरथोर भागिदार रहेको बताए ।

त्यस्तै अन्नपूर्ण पोष्ट दैनिकका गोपी कृष्ण ढुंगानाले दलित तथा सीमान्तकृतका सवालमा पछिल्लो समय सञ्चारमाध्यमहरु संवेदनशील बन्दै गएको बताए । उनले आफू दलित तथा सीमान्तकृत समुदायलाई होच्याउने शब्द शब्दमा संवेदनशील बनेको बताए ।

नेपाल प्रेसका मातृका पौडेलले न्युजरुम समावेशी भए, मुद्दाहरु पनि समावेशीरुपमा आउने बताए ।

कार्यक्रममा मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले मध्यान्हले आफ्नो संरचनालाई समावेसी बनाउन सक्दो प्रयास गरिरहेको र दलितसम्बन्धी घटनाजन्य समाचारलाई प्राथमिकता दिएको उल्लेख गर्दै आगामी दिनमा यसतर्फ अझ संवेनशील हुने प्रतिबद्धता व्यक्त गरे ।

जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माले नेपालका मिडियाहरुले उठाएका दलित तथा सीमान्तकृत समुदायका सवालहरुमा तुलनात्मकरुपमा केही सुधार भए पनि सन्तोषजनक नभएकाले सञ्चारमाध्यम सामाजिक मुद्दाहरुमा गम्भीर बन्नुपर्ने बताइन् ।

संस्थाका सचिव दिनेश परियारको सञ्चालनमा भएको कार्यक्रममा राष्ट्रिय समाचार समितिका वरिष्ठ सम्वाददाता भिष्मराज ओझा, स्वतव्त्र पत्रकार तथा साहित्यकार सरिता अर्याल, न्युज २४ टेलिभिजनका नवराज चालिसे, न्युज एजेन्सी नेपालका सञ्चालक सविन धमला, नेपाल लाइभका डिवि खड्कालगायतले जागरण मिडिया सेण्टर दलितसम्बन्धी समाचार तथा विचारको स्रोत बन्न सुझाव दिँदै आरक्षण, समावेशीता र दलित तथा सीमान्तकृत समुदायको सवालमा संवेदनशील भएर आफ्नो भूमिका निर्वाह गर्ने बताए ।

# श्याम प्रधानद्वारा अनुवादित 'डा. राजेन्द्र प्रसादको आत्मकथा' लोकार्पित

**काठमाडौं/मस–** अनुवाद एवं साहित्यकार श्याम प्रधानद्वारा अनुवादित 'डा. राजेन्द्र प्रसादको आत्मकथा' लोकार्पण गरिएको छ । वाशु शशी स्मृति परिषद्ले बिहीबार काठमाडौं अनामनगरमा एक कार्यक्रमको आयोजना गरी आत्मकथाको लोकार्पण गरिएको हो ।



परिषद्का अध्यक्ष एवं वरिष्ठ सर्जक गणेश रसिकको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. विष्णुविभू घिमिरे, वरिष्ठ साहित्यकार डा. तुलसीप्रसाद भट्टराई, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीलगायतले सो कृतिको लोकार्पण गरेका थिए ।

ओरियन्टल पब्लिकेसनले प्रकाशित गरेको सो कृति र अनुवादक श्याम प्रधानकाबारे साहित्यकारहरु डा.विष्णुविभू घिमिरे, डा.तुलसीप्रसाद भट्टराई, राधेश्याम लेकाली, हरि गौतमलगायतले आ–आफ्नो मन्तव्य राखेका थिए भने डा.उषा ठाकुरको लिखित मन्तव्य वाचन गरेकी थिइन् ।

संस्थाका सचिव प्रद्युम्न जोशीले स्वागत मन्तव्य राखेको सो कार्यक्रममा अनुवाद श्याम प्रधानले आफ्नो विशेष मन्तव्य राखेका थिए ।

कवि एवं सञ्चारकर्मी ठाकुर वेकबासेले सञ्चालन गरेको सो कार्यक्रममा हिरण्यकुमारी पाठक, पवन आलोक, श्रीओम श्रेष्ठ 'रोदन', विमल भौकाजी, अनुपम रोशी, छविरमण सिलवाल, श्रीबाबु कार्की, तुलसीहरि कोइराला, जयदेव भट्टराई, मुरारी सिग्देल, सुदर्शन श्रेष्ठ, सुशीला देउजा, सुमन घिमिरे, ध्रुव मधिकर्मी, डा.उद्दव राई, तारा सुवेदी, मधु पाठक, राजेश खनाल, सानुराजा अन्जान, ठूले राई, सरस्वती गौतम, रमा श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । परिषद्का कोषाध्यक्ष समेत रहेका अनुवादक प्रधानका यसअघि 'प्रेमचन्दका उत्कृष्ट कथा', 'हिनामिना', 'देवदास', 'वक्त के घोडे'लगायतका कृतिहरु प्रकाशित गरिसकेका छन् ।

## फुर्सदिला

छैनन् । चीनमा महत्वपूर्ण राजनीतिक भेटघाट सकेपछि प्रचण्डले चिनियाँ कृषि विश्वविद्यालयको अवलोकन गरे । राष्ट्रपति सीसँगको भेट, एसियाली खेलकुदको उद्घाटनमा सहभागिता र प्रधानमन्त्री लीसँग भेटिसकेपछिका अन्य कार्यक्रम गौण थिए । तथापि, उनी बिहीबार मानसरोवर पुगे ।

मानसरोवर भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले नेपालको हुम्लाको बाटो भएर तीर्थस्थल कैलाश पर्वत र मानसरोवर तालको सजिलै भ्रमण गर्न सकिने व्यवस्था मिलाइने बताएका छन् ।

कैलाश पर्वत र मानसरोवर ताल क्षेत्रको स्थलगत अवलोकनपछि उनले नेपाली भारतीय र अन्य देशका पर्यटकहरूले समेत हुम्लाको बाटो भएर सजिलै भ्रमण गर्न पाउने व्यवस्थाका लागि चीन सरकारसँग सैद्धान्तिक सहमति भइसकेको बताए । सिमकोटबाट कैलाश पर्वततर्फ ओहोर-दोहोर गर्न गुणस्तरीय बाटो निर्माणको काम छिट्टै अघि बढ्ने प्रचण्डको भनाइ छ ।

चीनको स्वशासित क्षेत्र तिब्बतको पश्चिम भाग ङारीबाट कैलाश मानसरोवर करिब दुई सय ५० किलोमिटर टाढा रहेको छ भने नेपालको हुम्लाबाट यात्रा गर्दा हुम्ला सदरमुकाम सिमकोटबाट एक सय ६० किलोमिटर र नेपाल चीन सिमानाबाट भने ७० किलोमिटर टाढा रहेको छ ।

बिभिन्न क्षेत्रको भ्रमण र अवलोकन सकेर असोज १३ गते नेपाल फर्किने प्रधानमन्त्री प्रचण्डको कार्यतालिका छ ।

प्रधानमन्त्रीको बिभिन्न क्षेत्रको अवलोकन र तिर्थाटनले चिनियाँ पक्षसँग भएको महत्वपूर्ण छलफल संसदमा हुन पाएको छैन् । प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका क्रममा १२ वटा सम्झौता र एउटा लेटर अफ एक्सचेन्जमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री प्रचण्ड र समकक्षी लीबीचको वार्तापछि १३ बुँदे संयुक्त वक्तव्य जारी भएको छ ।

भारत भ्रमणका बेला १५ वटा मुर्रा भैँसी भएको भन्दै विपक्षी दलले संसदमा प्रधानमन्त्रीको कटाक्ष गरेका थिए । चीन भ्रमणको उपलब्धि भैँसीको मासु निर्यात गर्ने सहमति भन्दै सामाजिक सञ्जालमा हल्का टीकाटिप्पणी भइसकेको छ । दुई प्रधानमन्त्रीको भेटपछि जारी संयुक्त १३ बुँदे संयुक्त वक्तव्यको ८ औं नम्बर बुँदामा नेपालबाट राँगाको मासु आयातका लागि चीन सहमत भएको उल्लेख छ ।

प्रधानमन्त्रीको चीन भ्रमणलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले विमानस्थलमा केटाकेटी नाचेर स्वागत गरे भनेर कोही रमाइरहेको भनी टिप्पणी गरिसकेका छन् । एमालेको बागमती प्रदेश अधिवेशन उद्घाटन समारोहमा बोल्दै ओलीले यस्तो टिप्पणी गरेका हुन् । हाङ्चाउको विमानस्थलमा प्रचण्डलाई चिनियाँ बालबालिकाले स्वागत गरेका थिए ।

प्रधानमन्त्री प्रचण्ड स्वयंले भने चीन भ्रमण सोचेभन्दा फलदायी भएको दाबी गरेका छन् । बुधवार ल्हासास्थित महावाणिज्य दूतावासमा आयोजित कार्यक्रममा प्रचण्डले चीनका राष्ट्रपतिले नेपाली प्रतिनिधिमण्डललाई एक घण्टाभन्दा लामो समय दिएर छलफल गरेको स्मरण गर्दै प्रचण्डले राजनीतिक रूपमा निकै महत्वपूर्ण भएको दाबी गरे ।

'अहिले यो बिन्दुमा आएर म ढुक्कसँग भन्न सक्छु, भ्रमण आजसम्म सोचेभन्दा बढी सफल भएको छ । मलाई बेइजिङमा गार्ड अफ अनर दिइएला भन्ने पनि लागेको थिएन, सामान्य सम्मान होला भन्ने थियो' प्रचण्डले भनेका छन् ।

प्रचण्डले यस्तो दाबी गरिरहँदा उनका पूर्वसहयात्री डा. बाबुराम भट्टराईले कटाक्ष गर्दै भ्रमण सफल नभएको टिप्पणी गरेका छन् । 'अहिले २१ औं शताब्दीमा चीन विश्वकै पहिलो अर्थतन्त्र र महाशक्ति बन्ने दिशातिर गइरहेका बेला हामीले उसँगको निकट सम्बन्धमार्फत मुख्यरूपमा तीव्र आर्थिक रूपान्तरणको महत्त्वपूर्ण सम्भावना र अवसरको सदुपयोग गर्नुपर्ने हो । त्यस निम्ति उसले अघि सारेको बीआरआई र जीडीआईलाई कसरी हाम्रो दीर्घकालीन राष्ट्रिय हितमा प्रयोग गर्ने भन्नेमा प्रमको भ्रमण केन्द्रित हुनुपर्थ्यो' प्रचण्डको चीन भ्रमण सम्बन्धमा भट्टराईले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् ।

डा.भट्टराई अगाडि लेख्छन्, 'कमसेकम परम्परागत हिमाली पर्खाललाई छेडेर दुई देशको अर्थतन्त्रलाई जोड्ने आधुनिक यातायात र पारवहन पूर्वाधार छिटो निर्माण गर्न प्राथमिकता दिनुपर्थ्यो, तीर्थाटन त हुँदै गर्थ्यो ।'

## एकीकृत...

र १८ असोजमा गरुडा, हर्नैया, कलैया र वीरगञ्जमा सभा हुने समाजवादीले जनाएको छ ।

असोज १९ मा पथलैया, हेटौंडा, मनहरी, भण्डारा र भरतपुरमा सभाको आयोजना गरिएको हो । २० गते कावासोती, बर्दघाट र परासीका साथै २१ गते भैरहवा र बुटवलमा सभा आयोजना गरिनेछ । त्यस्तै सैनामैना, चन्द्रौटा, भालुवाङ लमहीमा २२ गते र घोराही, तुल्सीपुर र कोहलपुरमा २३ गते सभाको आयोजना हुनेछ ।

असोज २४ मा नेपालगञ्ज, खजुरा, मैनापोखर र गुलरियामा सभा हुनेछ भने २५ गते राजापुर र टीकापुरमा सभा गरिनेछ । यस्तै २६ असोजमा लम्की, सुख्खड, अत्तरिया र धनगडीमा, २७ असोजमा पुनर्वास, झलारी, लालपुर र महेन्द्रनगरमा सभा हुनेछ । २८ असोजमा छिन्चु र सुर्खेतमा सभाको आयोजना गरिएको नेकपा एकीकृत समाजवादीको कार्यतालिकामा उल्लेख गरिएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष नेपालले सो अभियानबाट समाजमा विद्यमान रहेको असमानतालाई चिर्दै समानता कायम गर्ने, जनतालाई न्यायको प्रत्याभूति गराउने, सुशासनको प्रत्याभूति गराउनुका साथै रोजगारी सिर्जना गर्ने वातावरण मिलाउने बताए । साथै जनतालाई आगामी दिनमा समृद्धि प्रदान गर्नेमा पार्टी केन्द्रित रहेको अध्यक्ष नेपालको भनाइ छ ।

पार्टीका महासचिव घनश्याम भुसालले अभियान रोजगारी, समृद्धि र सुशासनको नाराकासाथ सञ्चालन हुने जानकारी गराए । लामो समयदेखि राजनीतिमा देखिएको अस्थिरतालगायतका मुद्दामा चासो देखाउँदै देशको आर्थिक संकटलाई पनि निर्मुल पार्ने पार्टीको लक्ष्य रहेको उनले स्पष्ट पारे ।

उनी भन्छन्, 'रोजगारी, समृद्धि र सुशासनको नाराका साथै राजनीतिमा देखिएको अस्थिरतालगायतका मुद्दामा जनताको बुझाई र चासो ख्याल गरिनेछ । देशको आर्थिक संकटलाई निर्मुल पार्ने पार्टीको लक्ष्य जनतालाई बुझाइनेछ ।'

## जापान...

बजारमा नेपालीको ढोका खुल्ने अवसर रहेको तर उच्चस्तरीय भ्रमणमा कुरा नउठेपछि त्यस क्षेत्रको श्रम बजार नेपालीका लागि एकादेशको कथामा सीमित भएको मुख्यगरी गैरआवासीय नेपालीहरूको टिप्पणी छ ।

## साउदीमा...

जानकारी दिइनसकेको बताए । सञ्चालक तेली साउदी अरेबियाको रियादस्थित फरिस अल रीम कम्पनीमा विगत केहि समयदेखि समस्यामा रहेका नेपाली कामदारको समस्या समाधानका लागि गत मंगलबार राति यूएईबाट साउदी अरेबियामा पुगेका थिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साउदी मामिला संयोजक बैकुण्ठ पौडेल 'बैभव'ले व्यवसायी तेली समस्यामा रहेका कामदार रहेको कम्पनीमा पुगेलगत्तै कम्पनीसँग सम्बन्धित इस्लाम नामको बंगलादेशी नागरिक र उसको भाइसँग नेपाली कामदारलाई काम र तलब नदिएकोलगायतका विषयमा छलफल हुँदा उनीहरूले नेपाली कामदारकै अगाडि व्यवसायी तेलीलाई घाइते हुने गरी पिटेर बेपत्ता बनाएको जानकारी आएको बताए ।

नेपाली दूतावासले प्रत्यक्षदर्शी नेपाली कामदारहरूले दिएको विवरणको आधारमा इस्लाम र उनको भाइविरूद्ध प्रमाणसहित रियाद प्रहरीमा एफआईआर अर्थात किटानी जाहेरी दर्ता गराएको छ । एफआईआर दर्ता भएका कारणले कानूनी प्रक्रियाअनुसार छानबिन गर्नुपर्ने साउदी प्रहरीले बताएको जनाइएको छ ।

साउदी अरेबियामा कम्पनी मालिकले कामदारलाई समय-समयमा कुटपिट तथा अभद्र व्यवहार गरेका समाचार आएपनि व्यवसायीलाई नै रोजगारदाताका तर्फबाट कुटपिट र बेपत्ता बनाएको यो पहिलो पटक हो । यस घटनालाई नेपाली दूतावासले गम्भीरतापूर्वक लिएको कार्कीले बताए ।

व्यवसायी तेलीलाई नियन्त्रणमा राख्ने र डिमाण्ड दिने व्यक्ति इस्लाम र अलि भन्ने उनको भाइ बंगलादेशी नागरिक रहेको पुष्टि भएपछि साउदीका लागि नेपाली राजदूत नवराज सुवेदीले बंगलादेशी राजदूतलाई तीन पटक भेटेर घटनामा संलग्न व्यक्ति सम्पर्कमा आएमा जानकारी दिन र अनुसन्धानमा सहयोग गर्न अपिल गरेका थिए । नेपाली दूतावाले साउदी अरेबियाको परराष्ट्र मन्त्रालयलाई पत्राचार गर्दै घटनाको छिटो छानबिन गरी नेपाली नागरिकको ज्यान जोगाइदिन आग्रह गरेको थियो ।


**Province Government**
**Sudurpaschim province**
**Ministry of social development**
**Provience Health Directorate**
**Health office, Bajura**

**Invitation for Bids (E-Bidding)**

**Date of Publication :2080/06/12**

Health office Bajura Invites electronic Bids from eligible Bidders under Sealed Quotation procedures for the procurement of Furniture and Furnishing of Training Hall and Health Office bajura mentioned below .

| S.N. | S.Q.no. | particulars | Bid security | Documentation fee (NRS) |
|---|---|---|---|---|
| 1 | HO/SQ/Goods/ Bajura/01/2080/81 | procurement of Furniture and Furnishing of Training Hall and Health Office | 35000/- | 1000 |

Elligible bidders obtain bidding documents electronically at the web site of Public procurement monitoring office egp system: PPMO's e-GP i.e www.bopatra.gov.np/egp.For further details please contact to Health office bajura ph.no. 097541062,9858425937.

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **स्काइ स्टार रिक्रुटमेन्ट प्रा.लि.** (**श्रम इजाजत पत्र नं. १०७८/०७३/०७४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नम्बर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | मनिका कुमारी महतो | डकुमेन्टेसन | १९-०२-७५-०५३९७ | पत्थरकोट-०७, सर्लाही |
| २. | कुमार श्रेष्ठ | श्रम प्रतिनिधी | २११०१५/१३४१२ | बिजुलीकोट-०७, रामेछाप |
| ३. | मानबहादुर तामाङ | पिआरओ | ५७५३६ | महाकाल चौर-०५, काभ्रे |

श्रम इजाजत नं. १०७८/०७३/०७४

**SkyStar Recruitment Pvt.Ltd.**
**Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122**
**EmailM raza786md@yahoo.com, skystar1078@gmail.com**

**Invitation for Bids**

**Rangeli Municipality**
**Office of the Executive Municipal**
**Rangeli, Morang**

**Invitation for Bids for the Supply of Surgical Items and Other chemicals**
**Date of publication: 29-09-2023(12/06/2080)**

1. Rangeli Municipality invites electronic bids only from eligible bidders for the Supply of surgical items and other chemicals under National Competitive Bidding – Single Stage Bidding procedures.
2. Only eligible bidders from Nepal should participate in this bidding:
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality,Rangeli,Morang, ***mailing address-rangelimun.gov.np, Mobile No -9842174042(Dipak Timsina)*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:** Name of the Bank:-Agricultural Development Bank,Branch Office,Rangeli,Morang,Name of Office : Rangeli Municipality,Rangeli ,Morang ,rajaswa (revenue) Shirshakno.Ga(1.1)0601401150257011.
5. Pre-bid meeting shall be held at RangeliMunicipality,Rangeli ,Morangat ***20/10/2023 on 13.00 hrs***
6. electronic bids must be submitted to the office ***Rangeli Municipality*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12.00 on 29/10/2023** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13.00, 29/10/2023*** at the office of ***Rangeli Municipality*** .Bids must be valid for a period of 90 days for other after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bidwhich shall be valid for 30 days beyond the validity period of the bid.
8. Information to deposit the Bid security in Bank: Name of the Bank: Agricultural Development Bank, Rangeli,Morang, **Ga(3),Deposit no-**Ga(3.1)0601401150257079.Name of Office: Rangeli Municipality, Rangeli, Morang.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. **Details of Works**

| S. No. | Contract Identification No. | Name of Works | Name of Project | Stage/ Envelop | Estimated Amount without VAT | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/Rangeli/ Goods/07/**080/81** | Supply of Surgical Items and other chemicals for Rangeli Hospital | Supply of Surgical Items and other chemicals for Rangeli Hospital | Single/ single | 6465175.22 | 170000 | 3000 |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# इन्द्रजात्रा हेर्न राष्ट्रपतिसहित 'भीआईपी' हिँडेरै पुगे बसन्तपुर



**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले इन्द्रजात्रा अवलोकन गरेका छन् । सांस्कृतिक एवम् ऐतिहासिक पर्व इन्द्रजात्राका अवसरमा राष्ट्रपति पौडेल जुद्ध सालिकदेखि पैदल हनुमाढोका दरबार क्षेत्रस्थित गद्दी बैठक गइ जात्रा अवलोकन गरेका हुन् ।

इन्द्रजात्रा अवलोकन गर्न राष्ट्राध्यक्ष जुद्द सालिकबाट पैदल गएको यो पहिलोपटक हो । यसअघिका राष्ट्रपति र राजा गद्दी बैठकअघिसम्म नै गाडीमा जाने गरेका थिए । जात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानन्यायधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनालगायत मन्त्रीगण, सांसद, प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधिलगायत सहभागी पनि पैदल नै गद्दी बैठकसम्म गएका थिए ।

जात्राका अवसरमा राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा दक्षिणा चढाई यात्रा गराउने अनुमति दिएका थिए । यसपछि श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा गरिएको थियो । भाद्र शुक्ल द्वादशीका दिन मंगलबार बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी शुरु भएको इन्द्रजात्राको बिहीबार मुख्य दिन हो ।

यसैबीच काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले महानगरको अनुरोध स्वीकार गरेर इन्द्रजात्रा हेर्न राष्ट्रपतिसहित अन्य विशिष्ट व्यक्ति पैदलै बसन्तपुर पुगेकोमा आभार व्यक्त गरेका छन् । मेयर शाहले सामान्यजस्तो लागे पनि काठमाडौंका सम्पदा संरक्षणमा यो अर्को फड्को भएको बताए ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'राष्ट्रपति, अन्य विशिष्ट अतिथिहरूले काठमाण्डौ महानगरको अनुरोध स्वीकार गरिदिएर विश्व सम्पदा क्षेत्रमा हामीले बनाएको 'नो भेहकल जोन' (गाडी निषेधित क्षेत्र) मा गाडी प्रवेश गराइदिनु भएन । उहाँहरूले जुद्ध शालिकदेखि पैदल नै गई जात्रा अवलोकन गरिदिनुभयो । हामीलाई विश्वास छ, यसबाट राष्ट्रपति, अन्य विशिष्ट अतिथिहरूले जात्रा अवलोकन गर्न पैदल जाने अभ्यासलाई संस्थागत बनाउने छ । सामान्यजस्तो लागे पनि काठमाण्डौका सम्पदा संरक्षणमा यो अर्को फड्को हो । हाम्रो अनुरोधको परिवर्तनलाई स्वीकार गरिदिनु भएकोमा आभारी छौं । हाम्रो सम्पदा, हाम्रो पहिचान ।'

**शुक्रबार माथिल्लो टोलमा रथयात्रा गरिने**

असोज १५ गते महिलाले मात्र रथ तानी नानीचा यात्रा चलाइने छ । यसै दिन बेलुकी राष्ट्रपति पौडेल हनुमानढोका दरबार जानु भई कुमारीबाट टीका एवम् प्रसाद ग्रहण गर्नेछन् । टीकाप्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परासमेत छ ।

असोज १५ गते सोमबार राति ८:३७ बजे इन्द्रध्वज पातन गरेपछि दुई हप्ताभन्दा लामो इन्द्रजात्रा समाप्त हुन्छ । पातन गरेपछि इन्द्रजात्राको लिंगोलाई टेकु दोभानस्थित बाग्मती किनारमा सेलाइन्छ । लिङ्गो सेलाउन घिसारेर लैजाने परम्परा छ ।

नेपाल पञ्चाङ्क निर्णायक समितिले निकालेको साइतमा लिंगोका लागि रुख काट्न वनयात्रा गरेपछि यो जात्राको प्रक्रिया शुरु हुन्छ । वनयात्रा, रुख कटान, लिंगो नगर प्रवेश लगायतको विधिपछि भाद्र शुक्ल द्वादशीका दिन इन्द्र ध्वजोत्थान गरिन्छ । इन्द्रजात्रा प्रताप मल्लको पालामा शुरु भएको विश्वास गरिन्छ । इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले शुरु गरेका थिए । उपत्यकामा मनाइनेमध्ये यो लामो जात्रा हो ।

## जलाउन लागिएको शव प्रहरीको नियन्त्रणमा

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ११ असोज

सर्लाहीको रामनगर गाउँपालिका-१ खैर्वामा जलाउन लागिएको एक महिलाको शव प्रहरीले नियन्त्रणमा लिएको छ । स्थानीय सुनिल साहकी २१ वर्षीया श्रीमती मनिषा देवी साहको शव सर्लाही प्रहरीले नियन्त्रणमा लिएको हो ।

बुधबार बेलुकी मनिषाको मृत्यु भएको थियो । मनिषाको शरीरको विभिन्न अंगमा निलडाम भएको र उनको मृत्युपछि अन्तिम संस्कार गर्न लगेको खबर प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले शवलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको शवलाई प्रादेशिक अस्पताल मलंगवामा पोष्टमार्टमा लागि पठाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी दिपेन्द्र पन्जियार थारुले बताए । परिवारले मनिषाको शवलाई दाहसंस्कार गर्न गाउँ नजिकको मनुसमारा खोला किनारमा लगेका थिए । प्रहरीले शवलाई नियन्त्रणमा लिएर घटनास्थलबाट मृतकका श्रीमान सुनिल साह, ससुरा रामेश्वर साह र देवर रामबाबु साहलाई नियन्त्रणमा लिइ घटनाको अनुसन्धान अघि बढाएको पन्जियारले बताए ।


## Cyprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८०।०६।११ | चलानी नं. ६०२०८३२१ | LT.No. 293180

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 10 | 10 | काममा दक्ष | 700 | ९८,५९५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

२. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८०।०६।११ | चलानी नं. ६०२०८३२२ | LT.No. 293201

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 10 | काममा दक्ष | 314 | ८८,०३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |
| 2 | Labourer | 10 | - | | 314 | ८८,०३०।- | | | | | | | |

३. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८०।०६।११ | चलानी नं. ६०२०८३२३ | LT.No. 293202

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | काममा दक्ष | 314 | ८८,०३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

४. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८०।०६।११ | चलानी नं. ६०२०८३२५ | LT.No. 293203

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | काममा दक्ष | 314 | ८८,०३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ का. रु. ३५,०००।- सि.नं. २, ३ र ४ को रु. १०,०००।- |

अन्तर्वार्ता २०८० असोज १९ गते (6 Oct., 2023) मेनपावर कार्यालय गोंगबुमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाडौंमा सम्पर्क राख्नु होला ।

**S.R.C. Job Placement Pvt. Ltd.**
Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880
Mob.No. 9868895397, 9851226880, Email:- info@srcjobplacement.com


## Invitation for Bids

### Dhanapalthan Rural Muncipality
### Office of the Rural Municipal Executive

Koshi Province, Morang, Nepal

**Invitation for Bids No:(DPTRM/SBG/NCB/GOODS/04/2080/081)**
**Date of publication: 2080/06/12 BS (2023/09/29 AD**

1. Dhanapalthan Rural muncipality invites electronic bids from Nepalese eligible bidders for the purchase of ***Bidhutiya motor 50 pratishat anudanma witaran*** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs.28,08,000 (NRs. Twenty Eight Lakhs Eight Thousand only) excluding VAT].**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for esubmission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost **Rs. 3000.00** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Investment Mega Bank Ltd.

   Name of Office: Dhanapalthan Rural Muncipality Sorabhag , Morang

   Office Code no. : Office Account no.: **29501400000048 (धनपालथान गा पा आन्तरिक राजस्व खाता गा १-१)**

   Rajaswa (revenue) Shirshak no. :
4. Pre-bid meeting shall be held at ***Office of Dhanapalthan Rural Muncipality Sorabhag , Morang At 2080/07/2B.S.( 2023/October19/A.D.)***
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 PM on 2080/07/12 BS (29 October 2023 AD)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 29 october 2023** at the office of Dhanapalthan Rural Muncipality Sorabhg, Morang. Bids must be valid for a period of **90 day** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs.77,000.00** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. **120 day**)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Other action will be taken as per public purchase act 2063 and regulation 2064.

## बर्दगोरिया गाउँपालिका
## गाउँ कार्यपालीकाको कार्यालय

मुडा, कैलाली
सु.प. प्रदेश, नेपाल

### बोलपत्र आशय सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति - २०८०/०६/१२**

यस वर्दगोरिया गाउपालिका कार्यालयको आ.व. २०८०/०८१ अर्न्तगत ठेक्का न. ६/BRM/NCB/२०८०/०८१ को Supply and Delivery of Motor Grader at Bardagoriya Rural Municipality का लागि मिति २०८०/०४/३० गते को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार तपसिलमा उल्लेखित वोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएकोले उल्लेखित वोलपत्रको स्वीकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | निमार्ण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| ०६/BRM/NCB/२०८०/०८१ | श्री Spark Automotives Pvt. Ltd. Tindhara marga-01, Kathmandu | १,०४,८०,०००।०० (मु.अ.क. बाहेक) |

**प्रमुख प्रशासकिय अधिकृत**

## लुम्बिनी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तु

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना

(प्रकाशित मितिः- २०८०/०६/१२)

यस कार्यालयबाट मिति २०८०।०२।३१ र मिति २०८०।०३।२९ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सुचना अनुसार तपसिल बमोजिमका ठेक्कामा bolpatra.gov.np/egp मार्फत म्यादभित्र पेश हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक प्रस्तावको मुल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरू प्राविधिक प्रस्तावको शर्तहरू पुरा गर्न सफल भएको हुदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०६/१९ गते दिनको ठिक १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१ ङ उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबै को जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठे. नं. र कार्यको विवरण | सि.नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| RIDOKAP/10134/NCB/79-80/191 Construction of Khairati Marthi multicell Box Culvert along Fulika-Thulokhairaghat -Pipara-Pakadi Road Kapilbastu | १ | Taj Builders, Birgunj-14, Parsa |
| | २ | Rohit Nirman Sewa, Bardiya |
| | ३ | Shakti / Set Square J/V, Janakpur -14 Dhanusha |
| | ४ | M.S.- DEEPALI JV, Shivraj -5 Kapilvastu |
| | ५ | Shree Ram Nirman Sewa, Banganga-07, Kapilvastu |
| | ६ | Ganesh and Sons Construction, Butwal 13, Rupandehi |
| RIDOKAP/10134/NCB/79-80/178 Construction of Bharwaliya Village West Sisai Khola RCC Motorable Bridge Abhiraw Bharwaliya Mugheri road, Kapilbastu | १ | NewDeep Jyoti - Taj JV Birgunj-14, Parsa |
| | २ | Himalnirmansewa, Bhumikasthan -8 Arghakhanchi |
| | ३ | Akriti-Gangotri Devi J/V, Butwal-08, Rupandehi |
| | ४ | Shree Ram Nirman Sewa, Banganga-07, Kapilvastu |
| RIDOKAP/10134/NCB/79-80/191 Construction of Karma Village West River RCC Motorable Bridge along Hulaki Road (Suddhodhan Ga.Pa. 6), Kapilvastu | १ | AKRITI-ROCKET JV, Butwal -08 Rupandehi |
| | २ | Pantha Dibya JV, Tilottama -17, Rupandehi |
| | ३ | Jana Sewa Construction, Butwal -08 Rupandehi |
| | ४ | Dwivedi/Taj /New Deep Jyoti JV, Birgunj-14, Parsa |
| | ५ | ShreeRam/Muna JV, Banganga-07, Kapilvastu |




मध्यान्ह
www.madhyanhadaily.com
१२ असोज २०८०, शुक्रबार
29 September 2023, Friday

## सम्पादकीय

### बजार अनुगमन बढाऊ

प्रतिनिधिसभामा निकै सानो आकारमा खुम्चिएर पनि तेस्रो शक्ति बनेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार एकपछि अर्को झमेलामा फसिरहेको छ । राजधानी उपत्यकासहित देशका विभिन्न ठाउँमा सरकारप्रति असन्तुष्टहरूले प्रदर्शन गरिरहेका छन् । राजधानी उपत्यकामा एउटा विरोध प्रदर्शन सकिनासाथ अर्को विरोध देखिने गरेको छ । विद्यालय शिक्षा ऐन संशोधन गर्न बनेको विधेयकप्रति असन्तुष्ट शिक्षकहरूको प्रदर्शनले ठप्प बनेको राजधानीका मुख्य सडक अहिले शान्त भइकेको छैन । शिक्षकहरूको साझा संस्थासँग सरकारले सहमति गरेपनि राहत शिक्षकहरूको प्रदर्शन रोकिएको छैन । उनीहरूले माइतीघर मण्डलको सडकमा सुतेर प्रदर्शन गरिरहेका छन् । त्यसैबेला राजधानीको फुटपाथमा ठेलागाडामा ब्यापार गर्न पाउनुपर्ने मागसहित सामाजिक अभियान्ता ई:ले अविश्राम उभिएर भद्र आन्दोलन गरे । महानगरसँग सहमतिमा उनले आन्दोलन रोकेका छन् ।

तर निरन्तर चिकित्सकमाथि आक्रमण भएको विरोधमा भइरहेको प्रदर्शन रोकिएको छैन । उपचार छोडेर स्वास्थ्यकर्मी सडकमा उत्रिएका छन् । पोखराको मणिपाल अस्पतालमा चिकित्सक कुटिएको घटनासहित शृङ्खलाबद्ध रूपमा चिकित्सकहरूमाथि भइरहेको आक्रमणको विरोधमा उनीहरू प्रदर्शनमा छन् । चिकित्सकमाथि आक्रमण गर्नेलाई कार्बाही मात्रै नभएर आवश्यक कानून निर्माणको माग उनीहरूले गरेका छन् । अरू सामाजिक घटनाको सहजीकरण गर्न सरकारलाई सकस परेको देखिन्छ । धार्मिक सम्प्रदायहरूबीच बढ्दै गएको दुरीले सामाजिक सद्भावको चिन्ता बढेर गएको छ । धरान, सर्लाही लगायत ठाउँमा सामाजिक सद्भावको सार्वजनिक अपील गर्नुपर्ने अवस्था आएको छ । यी सबै घटनाको कारण सरकार कमजोर हुनुसँग जोडेर व्याख्या हुने गरेको छ ।

सरकार बलियो नभएकै कारण अराजकता बढ्दै गएको र जवाफदेहिता कमजोर बनेको विश्लेषण एकहदसम्म पुष्टि हुन्छ । किनकि प्रधानमन्त्रीलाई सत्ता टिकाउनै सकस परिरहेको छ । प्रधानमन्त्री बनेको ६ महिनाभित्रै संसद्मा सहभागी सबै दलको समर्थन पाइसकेका र प्रतिपक्षी बलियो बन्दै गएकाले पनि प्रचण्डलाई सरकार टिकाउन सजिलो देखिएको छैन । अझ प्रमुख सत्तारूढ नेपाली कांग्रेसभित्र सरकार बदल्नुपर्ने मत बढ्दै जाँदा त्यसको असर सरकारको विश्वासप्रति देखिएको छ । जसले जस्तोसुकै दबाव दिएपनि सरकार पछि हट्छन् भन्ने मनोविज्ञान बढेर जाँदा त्यसको असर आमनागरिकको जीवनसँग जोडिन पुगेको छ । त्यसको बलियो उदाहरण बजारको अनुगमन प्रभावकारी हुन नसक्नु हो । अहिले मँहगी असाध्यै बढेर गएको छ भने चाँडपर्व नजिकिएसँगै कृतिम अभावको डर बढेर गएको छ । तर सरकार टिकाउनकै निम्ति जस्तोसुकै सम्झौता गर्ने भन्दा पनि नागरिकको जीवनपद्दतीलाई सहज बनाउन सेवाप्रवाहमा सरकारले आवश्यक ध्यान दिन आवश्यक छ । अरू तपसील र बिस्तारै हल हुँदै जाने विषय हुन् ।

# निद्रामा नेतृत्व, अराजकतामा मुलुक

अग्रलेख



● गोविन्द विक

संसदमा दर्ता भएको शिक्षा विधेयकका सम्बन्धमा विमति रहेको भन्दै देशैभरीका शिक्षक आन्दोलित भए । विधेयकमा व्यवस्था भएका धेरै बुँदाहरुमा शिक्षकहरुको गुनासो रह्यो । विशेषगरी शिक्षकको सेवा सुविधा, शिक्षकको मर्यादाक्रम, पेन्सन, अस्थायी शिक्षकको गणना अवधि, स्थानीय तहले शिक्षकको खटनपटन गर्नेलगायतका विषयमा शिक्षकहरुको चर्को गुनासो रह्यो । शिक्षक महासंघको अगुवाइमा भएको आन्दोलनमा विद्यालय बन्द गरेर करिब चार लाख शिक्षक सडकमा उत्रिए ।




वर्तमान व्यवस्थाले विकेन्द्रीकरणको शासन व्यवस्थाको अभ्यासलाई शिरोधार गर्ने कुरामा दुईमत छैन । आधारभूत तहसम्मको शिक्षा स्थानीय तहको जिम्मेवारीमा भएको कुरा पनि साँचो हो । संघीय शिक्षा ऐनको अभावले संघीयताको मर्मअनुसार शिक्षा व्यवस्था नचलिरहेको कुरा पनि सत्य सावित छ । २०२८ सालको शिक्षा ऐनअनुसार नै शिक्षा व्यवस्था चलिरहनु समय सान्दर्भिक छैन भन्ने आवाज पनि उठिरहेकै हो । शिक्षकलाई मर्यादित पेशा बनाउन केही नभएपछि शिक्षक हुने हैन शिक्षक हुनका लागि कडा मेहनेत गर्ने वातावरण बनाउनु पर्ने आवाजहरु पनि नउठेका होइनन् । एक शिक्षक गलत भएको अवस्थामा सिंगो समाज राष्ट्र नै फेल हुने कुरामा दुई मत छैन । एउटा कक्षा कोठामा देशका होनाहार नेतृत्व हुन सक्छन्, जसले मुलुक नेतृत्व गरेर भोलिको समृद्धिलाई सार्थकता दिने हैसियत बोकेको विद्यार्थी कक्षा कोठामा हुन सक्छन् । सिंगो मुलुकलाई निरक्षरबाट साक्षरतातिर लैजाने जिम्मेवारी एउटा शिक्षकको हुन्छ र हुनुपर्छ । सिंगो देशको भविष्य बोकेको शिक्षकलाई आफ्नो मर्यादा, आफ्नो सेवा सुविधा समय सान्दर्भिक बनाइदेउ भन्दै विद्यालय बन्द गरी सडकमा उत्रनु पर्ने यो जत्तिको लज्जाको विषय के हुन सक्छ ? तिनै शिक्षकले पढाएका विद्यार्थी होलान् शिक्षा विधेयकको मस्यौदा तयार गर्ने, तिनै शिक्षकले पढाएका विद्यार्थी मन्त्री भएर शिक्षा विधेयकमा तोक लगाएका होलान्, तिनैका विरुद्धमा शिक्षक सडकमा आउनु पर्ने यो बिडम्बना हो ।

शिक्षा र स्वास्थ्य भनेको देशको मुटु हो तर, मेरो देशको शासन सत्तामा बस्नेहरुलाई यसको कहिल्यै हेक्का भएन । कुनै पनि कानुन ऐन बनाउने समयमा सरोकारवालासँग छलफल बहस गर्दा के हुन्छ ? शिक्षा विधेयक तयार गरिसकेपछि शिक्षक महासंघसँग, विभिन्न सरोकारवाला पक्षसँग सरकारले एक महिना छलफल चलाएको भए, के आज यो अवस्था आउँथ्यो ? जसका लागि विधेयकमा व्यवस्था हुन्छ भने त्यो पक्ष नै अनविज्ञ बनाउनु कतिको न्याय संगत हो ? शिक्षकलाई विद्यालय बन्द गरेर सडकमा आउने वातावरण कसले बनायो ? ५० लाखभन्दा बढी विद्यार्थीको पढाईलाई जोखिममा राखेर सडकमा शिक्षक आउने, यसको जिम्मा शासन सत्तामा रहनेहरु लिनुपर्छ की पर्दैन ? शासन सत्तामा रहनेहरु देशको शिक्षाप्रति किन संवेदनशील छैनन् ? शिक्षक महासंघसँग वार्ता गरी आन्दोलन फिर्ता भयो, विद्यालय सञ्चालन त भयो तर, अझै केही शिक्षकहरु सडकमै छन्, विद्यालय फर्केका छैनन् । सरकार र शिक्षक महासंघकाबीच भएको सहमतिमा त्रुटी देखाएर सडकमै फर्किएका शिक्षकको बारेमा सरकार किन ब्यूँझिँदैन ? शिक्षकका माघ

> *शिक्षा र स्वास्थ्य भनेको देशको मुटु हो, तर मेरो देशको शासन सत्तामा बस्नेहरुलाई यसको कहिल्यै हेक्का भएन । अस्पतालमा बिरामी जाँच गर्नुपर्ने डाक्टर सुरक्षाका लागि सडकमा आउने अवस्था, विद्यालयमा पढाउनु पर्ने शिक्षक न्यायका लागि सडकमा आउने अवस्था कसरी बन्यो ? यो कस्तो लोकतन्त्रको अभ्यासमा हामी अगाडि बढ्दैछौं ? के मुलुकको समृद्धि यसैगरी हुन्छ ?*

तत्काल सम्बोधन गरी बाँकी शिक्षकहरुलाई कक्षा कोठामा फर्काउन सरकारले किन ढिला गरिराखेको छ ?

शिक्षकलाई राजनीति गर्ने, राजनैतिक दलका झोले भन्ने आरोप पनि छ । सामुदायिक विद्यालयका शिक्षक पढाउदैनन्, दलको झोले बनेर हिँडछन् भन्ने पनि गरिन्छ । तर, शिक्षकलाई राजनैतिक दलको सदस्यता लिएर दलको झोला बोकेर हिँडनुपर्ने बाध्यता कसले बनायो ? विगतदेखिको अभ्यासलाई हेर्दा विगतदेखिको अनुभवलाई आधार मान्ने हो भने यिनै राजनैतिक दलले शिक्षकलाई दलको झोले बन्ने अवसर दिए । दलको झोले नबनी केही गर्न नसकिने अवस्था सिर्जना हुँदै गयो र शिक्षक राजनीतिमा आउन बाध्य बने । राजनीति गर्ने भए शिक्षक पदबाट राजिनामा दिएर आउ भनेर कुनै पनि राजनैतिक दलले कहिलै भनेनन् ? अहिले तिनै दल शिक्षकलाई झोलेको खोल ओढाइरहेका छन् । शिक्षकको मागलाई सामान्यरूपमा लिएर सडकमा गएका शिक्षकहरुको रमिता हेरेर बस्ने यो शासन सत्ता कहिलै जनमैत्री हुन सक्दैन र हुँदैन पनि । शिक्षकलाई आफ्नो सेवा सुविधाका लागि पिर गर्ने होइन, विद्यार्थीको सिकाइको लागि पिर गर्ने वातावरण शासन सत्तामा रहनेहरुले बनाउनु पर्छ । सबैभन्दा धेरै लगानी शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेर शिक्षा र स्वास्थ्य क्षेत्रलाई संसारकै अब्बल जबसम्म बनाउन सकिन्न तबसम्म योग्य स्वास्थ्य नागरिकको परिकल्पना बालुवामा पानी जस्तै हुन्छ ।

शिक्षा जस्तै स्वास्थ्यको क्षेत्र पनि दिनदिनै खस्कँदो अवस्थामा छ । डाक्टरहरु सुरक्षित छैनन् । कुनै पनि अस्पतालमा बिरामीको मृत्यु भयो भने डाक्टर कुटिन्छन् । डाक्टरहरुको सुरक्षा छैन । यो समाज झन् झन् हिंस्रक बन्दै गइरहेको छ । मान्छे काट्ने, मान्छे मार्ने सामान्य बन्दै गइरहेको छ । कुनै पनि घटना समाजमा घट्छ, राज्यको उपस्थिति छैन । आलुका चाना काटे झैँ मान्छे काटेर टुक्रा-टुक्रा बनाउँछ तर, सरकारको उपस्थिति आवश्यक समयमा हुन सक्दैन । मान्छेलाई बचाउने डाक्टर, भगवान मान्ने डाक्टर, आज त्यही डाक्टर अस्पतालमा कुटाइ खान्छ र मेरो सुरक्षा गर भन्दै सडकमा आउनु पर्छ । यो कस्तो शुसासनको अभ्यास गर्दैछ मेरो देशले ?

अस्पतालमा बिरामी जाँच गर्नुपर्ने डाक्टर सुरक्षाका लागि सडकमा आउँछ, विद्यालयमा पढाउनु पर्ने शिक्षक न्यायका लागि सडकमा आउँछ, यो कस्तो लोकतन्त्रको अभ्यासमा अगाडी बढ्दैछ मेरो देश ? अपवाद बाहेक कुनै पनि डाक्टरले मान्छेलाई मरोस् भनेर उपचार गरेकै हुँदैन । डाक्टरले बिरामीलाई हरतरहले बचाउने प्रयास नै गर्छन् । डाक्टरले मान्छे मार्छन् भन्ने हामी कसैले पनि कल्पना गर्न सकिन्न । अपवादको रूपमा छिटफुट कमजोरी नभएका भने होइनन्, तर डाक्टरको ज्यान नै खतरामा पर्ने किसिमको आक्रमण गर्नु अपराधको पराकाष्ठ नै हो ।

अस्पतालमा बिरामीको मृत्यु हुनसाथ डाक्टर कुटिने अवस्था भएपछि आपतकालिन अवस्थामा अस्पताल पुग्दा डाक्टरले कुन आधारमा चेक गर्छ ? यो बिरामीको मृत्यु भयो भने मैले पिटाइ खान्छु भन्ने भयले डाक्टरलाई मानसिकरूपमा सताइरहेको हुन्छ भनेपछि त्यस्तो डाक्टरबाट बिरामीको उपचार कसरी हुन्छ ? डाक्टर सुरक्षाका लागि सडकमा हुन्छन्, अस्पतालमा बिरामीको बिचल्ली हुन्छ । शासन सत्तामा बस्नेहरु सुतेका हुन्छन् । रमिते बनिरहेका हुन्छन् । डाक्टर सडकमा नआउनु डाक्टरको सुरक्षाको ग्यारेन्टी पूर्णरूपमा हुन्छ भनेर शासन सत्तामा रहनेहरुले विश्वस्त बनाउन आवश्यक नठान्नेहरूप्रति समृद्धिको भरोसा गर्नु बेकार छ । डाक्टर शिक्षकलाई न्यायका लागि सुरक्षाका लागि सडकमा आन्दोलित हुन बाध्य बनाउने शासन सत्ताका नेतृत्वहरु प्रति म कसरी भरोसा गरौं की मपछिको पुस्ताले समृद्धि, सुखी र विभेदमुक्त समाजको अनुभूत गर्छन् भनेर । जुन विषयमा संवेदनशील हुनुपर्ने, त्यही विषय शासन सत्ता सञ्चालनका नेतृत्वहरुको प्राथमिकतामा नपर्नु हामी नागरिकका लागि दुभार्ग्य नै हो ।

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

स्थानीय सरकारले उठाउने नियमित करमध्ये पसल या अन्य व्यवसायीले आफ्नो नाम राख्ने नामपाटीको शुल्क गत वर्ष सात सयदेखि एक हजार थियो, यो वर्षदेखि चार हजारदेखि नौ हजारसम्म लिन थालेछन्, व्यवसायीहरु बरु आत्महत्या गर्छन् तर सरकारी अत्याचारविरुद्ध एक शब्द बोल्दैनन्, कति सहन्छौ नेपाली हो ?



**- रामेश कोइराला**

पपुलिज्मको खेती नगर्ने हो भने ३५ वटा पालिकालाई दान दिने एम्बुलेन्सको पैसाले काठमाडौं महानगरले पालिकाका विभिन्न ३५ ठाउँमा ७० रोपनी जग्गा लिजमा लिइ फुटपाथ व्यापारीलाई करसहित स्थान उपलब्ध गराउन पनि सक्दछ । भिखारी मानसिकता नभए भन्सार छुटको एम्बुलेन्स आफैं किन्न नसक्ने पालिका कुनै छैन ।



**- सुर्यराज आचार्य**

एक सार्वभौम सम्पन्न राष्ट्रले आफ्नो देश/जनताको हितलाई केन्द्रमा राखि बाह्य जगतासँग व्यवहार गर्नुपर्नेमा चल्तीको राजनीतिका बेइमान र अकर्मण्य शासकहरूले जुनसुकै मूल्यमा सत्ताको आफ्नो कुर्सी जोगाउन दलाली र आत्मसमर्पणको बाटो समाते । यसैको परिणाम नेपालले भोग्दैछ ।



**- निर्मल प्रसाइँ**

दीपक मनाङ्ग मन्त्री भइसके, योगराज ढकाल 'रिगल' सम्भावित मन्त्री, अधिंकाश पार्टीका बहुसंख्यक पदाधिकारीहरु गुण्डागर्दी र आपराधिक छविका छन् । फौजदारी र जघन्य अभियोगको मुद्दा चलिरहेको छ सयौं जनप्रतिनिधिहरुमा । नेपालमा अपराध होइन, अपराधमा नेपाल छ ।

# मुटु रोगको बढ्दो जोखिम र समाधानको उपाय

विचार



● डा. अवनिभूषण उपाध्याय

विश्वमा हरेक वर्ष दुई करोड मानिसको मृत्यु मुटुरोगको कारणले हुने गर्दछ । मुटु रोग संसारमा मृत्युको कारणमध्ये पहिलो हो । कुनै पनि महामारी, कुनै दुर्घटना, कुनै एड्स या कुनै अरू सरुवा रोगबाट भन्दा यो बढी हो । यो एउटा महामारीको रूपमा देखापरेको छ । यो रोगबाट बच्न र बचाउन सबैजना लागि नपर्ने हो भने कल्पना पनि गर्न नसकिने अवस्थाको सिर्जना हुने देखिन्छ ।

हामीले मुटु रोग भन्दै गर्दा हृदयघात बुझ्नु पर्दछ । यो रोग ठूलो भएपछि लाग्ने होइन, यो देखा पर्दा मानिस ठूलो भइसकेको हुन्छ । हाम्रा विभिन्न कारक तत्वहरूले गर्दा मुटुको आर्टरीहरूमा विस्तारै फोहर जम्मा हुँदै जान्छ र आर्टरीहरूमा भित्री भाग साँगुरिदैं जान्छ, अनि रक्त प्रवाह कम हुँदै जान्छ र साँगुरिएको ठाउँमा रक्तस्राव भयो भने त्यहाँ रगत जम्न गई आर्टरी पूरै थुनिन सक्दछ । यस्तो अवस्थामा मुटुले आफूले रगत पुऱ्याउनु पर्ने मांसपेशीमा रगत पुऱ्याउन सक्दैन । उक्त मांसपेशीमा रगत नपुगेकाले खाना नपाएर मर्दछ । यो मरेको भागलाई इन्फारक्ट भनिन्छ । मायोकार्डियोल इन्फारक्ट भनेको नै हृदयघात हो ।

मुटु बचाउनको लागि भौतिक स्रोत साधन मात्र हुनु पटक्कै होइन, यो आफ्नो आत्मीयता, अरूप्रतिको सद्भाव र प्रेमसँग पनि सम्बन्ध राख्दछ । आफ्नो मुटु त बचाउन परिहाल्यो तर ,अरूको मुटु बचाउन पनि मनैदेखि या आफ्नो हृदय लगाएर बचाउने कोसिस गर्नु पर्दछ । मुटु रोगको महामारीबाट जोगिनको लागि एउटै उपाय छ, यो के हो भने यो रोगबाट बच्ने, यो रोग लाग्नै नदिने । त्यसको लागि सबै जनमानसमा यो रोगको जानकारी जति सक्यो बढाउन पर्ने हुन्छ ।

संसारमै मुटु रोगहरूमध्ये ७५ प्रतिशत लगभग मुटु रोगहरू हाम्रो जस्तो विकास हुन बाँकी, गरिब, पछि परेका देशहरूमा पर्दछ । यस संसारको यति ठूलो मानिसको संख्या मुटु रोगी हुनु र त्यो पनि हाम्रो जस्ते देशमा हुनु ज्यादै नै दु:खको कुरा हो । त्यसैले हरेक मानिसले मानवताको लागि यस कुरालाई मनन गरेर कसरी हुन्छ, कुन उपाय गर्दा यसबाट बच्न र बचाउन सकिन्छ भनेर मुटुमा हात राखेर आफ्नो मुटु साक्षी राखी अरूको मर्म बुझेर समाजमै मुटु बचाउनतर्फ लाग्न अति आवश्यक छ ।

मानवताका लागि कसरी हुन्छ यस रोगबाट बच्ने भन्ने कुराको साथसाथै कसैलाई मुटु रोग लागिसकेको छ भने पनि के कसरी उनीहरूको मर्म पीडालाई कम गर्न सकिन्छ भन्नेतर्फ लाग्न जरुरी छ । हाम्रो समाजमा, शिक्षामा, स्वास्थ्यमा धेरैको सहज पहुँच छैन । धेरैलाई यसबारे जानकारी छैन, धेरैमा स्रोत पनि सीमित हुन्छ । यस्तो अवस्थामा यस रोगबारे जानकारी, यसबाट बच्न गर्नुपर्ने उपायहरू र उपचार गर्नुपरे कसरी सहज बनाउने भनेर सबै लगनशीलतापूर्वक सच्चा मनदेखि लागिपर्नु पर्दछ, मद्दत गर्नु पर्दछ ।

